# कुम्मायक गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ९** **संख्याः४** **मितिः२०८३/०१/०८**

**भाग- १**

गाँउ सभाबाट स्विकृत मितिः २०८२/१२/११

**नेपालको संविधान बमोजिम कुम्मायक गाँउपालिकाको गाँउ सभाले बनाएको तल लिखित बमोजिमको ऐन सर्वसाधारणको जानकारिको लागी प्रकाशन गरिएको छ।**

**संवत २०८२ सालको ऐन नं ४**

# कुम्मायक गाउँपालिका करार कर्मचारीको योगदानमा आधारित सामाजिक सुरक्षा कोषको व्यवस्था गर्न बनेको ऐन, २०८२

कुम्मायक गाँउपालिका, पाँचथर

# कुम्मायक गाउँपालिका करार कर्मचारीको योगदानमा आधारित सामाजिक सुरक्षा कोषको व्यवस्था गर्न बनेको ऐन, २०८२

प्रस्तावनाः

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२।०१।०१ को राजपत्रमा प्रकाशित सूचना अनुसार स्थानीय तहका करार कर्मचारीहरु समेतलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गरी व्यवस्थित गर्न यस कुम्मायक गाउँपालिकामा करारमा कार्यरत कर्मचारीहरुको जीवनलाई सुरक्षित, मर्यादित र गुणस्तरयुक्त तथा अवकाश पछिको जीवनलाई व्यवस्थित बनाउन आवश्यक भएकोले योगदानमा आधारित सामाजिक सुरक्षा कोषको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१ ले दिएको अधिकार प्रयोग गरी कुम्मायक गाउँपालिका करार कर्मचारीको योगदानमा आधारित सामाजिक सुरक्षा कोषको व्यवस्था गर्न बनेको विधेक, २०८२

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१. यो ऐनको नाम "कुम्मायक गाउँपालिका करार कर्मचारीको योगदानमा आधारित सामाजिक सुरक्षा कोषको व्यवस्था गर्न बनेको ऐन, २०८२" रहेको छ ।

१.२. यो ऐन राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

१.३. लागू हुने क्षेत्रः यस गाउँपालिकामा कानून बमोजिम करार सेवामा नियुक्त भई कम्तीमा ६ (छ) महिनादेखि निरन्तर रुपमा कार्यरत रहेका सम्पूर्ण करार कर्मचारीहरुमा लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

२.१. "गाउँपालिका" भन्नाले कुम्मायक गाउँपालिकालाई सम्झनुपर्छ ।

२.२. "करार कर्मचारी" भन्नाले कुम्मायक गाउँपालिकामा करारमा कार्यरत कर्मचारीहरुलाई सम्झनुपर्छ ।

२.३. "योगदानमा आधारित सामाजिक सुरक्षा कोष" भन्नाले संघीय सामाजिक सुरक्षा ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ तथा कुम्मायक गाउँपालिका करार कर्मचारीको योगदानमा आधारित सामाजिक सुरक्षा कोषको व्यवस्था गर्न बनेको ऐन, २०८२ समेतलाई सम्झनु पर्नेछ ।

२.४ समिति भन्नाले करार कर्मचारी अवकाश कोष व्यवस्थापन गर्न गठित समितिलाई सम्झनुपर्छ ।

२.५ "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन वा अन्तर्गत बनेको नियमावली, निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनुपर्छ ।

## ३. योगदानमा आधारित सामाजिक सुरक्षा कोष सम्बन्धमा

३.१. यस गाउँपालिकामा करारमा कार्यरत कर्मचारीहरुको गुणस्तरयुक्त र सुरक्षित जीवनको लागि “करार कर्मचारी योगदानमा आधारित सामाजिक सुरक्षा कोष” स्थापना गरिनेछ।

३.२. उक्त कोषमा संघीय सामाजिक सुरक्षा ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम २ को खण्ड (घ) बमोजिमको सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्तिलाई सामाजिक सूरक्षा कोषमा योगदानकर्ताको रुपमा सुचीकृत गरी नीजहरुले खाईपाई आएको तलबको कम्तीमा ६० प्रतिशतलाई आधारभूत तलव मानी त्यसको २० प्रतिशत रोजगारदाताबाट र ११ प्रतिशत योगदानकर्ताको तर्फबाट सामाजिक सुरक्षा कोषमा जम्मा गरिनेछ।

## ४. कोषमा योगदान

४.१. गाउँपालिकामा करारमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको तलबको कम्तीमा ६० प्रतिशतलाई आधारभूत तलव मानी त्यसको २० प्रतिशत गाउँपालिकाबाट र ११ प्रतिशत योगदानकर्ता कर्मचारीको तर्फबाट गरी जम्मा ३१ प्रतिशत जम्मा गर्नुपर्ने छ।

४.२. उपदफा (१) बमोजमि जम्मा गर्नु पर्ने रकम प्रत्येक महिना सम्बन्धित कर्मचारीले पाउने मासिक तलवबाट नियमित रुपमा स्वतः कट्टी गरिनेछ।

## ५. योगदानमा आधारित सामाजिक सुरक्षा कोष व्यवस्थापन समिति

५.१. कोषको सञ्चालन र व्यवस्थापनका लागि “करार कर्मचारी योगदानमा आधारित सामाजिक सुरक्षा कोष व्यवस्थापन समिति” गठन गरिनेछ।

५.२. समितिमा निम्न सदस्यहरु रहनेछन्:-

| | |
|---|---|
| ५.२.१. गाउँपालिका अध्यक्ष | - संरक्षक |
| ५.२.२. प्रमुख प्रशासकीय अधिकृत | - अध्यक्ष |
| ५.२.३. लेखा शाखा प्रमुख | - सदस्य |
| ५.२.४. करार कर्मचारी प्रतिनिधि | - सदस्य |
| ५.२.५. कानून हेर्ने कर्मचारी | - सदस्य |
| ५.२.६. कर्मचारी प्रशासन शाखा प्रमुख | - सदस्य सचिव |

५.३. प्रत्येक चौमासिक रुपमामा कम्तीमा एकपटक समितिको बैठक बस्नेछ । बैठक सम्बन्धी कार्यविधि समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

### ६. कोषको उपयोग र वितरण

६.१. कर्मचारीले कोषमा रकम जम्मा गरे वापत पाउनु पर्ने सेवा सुविधा सामाजिक सूरक्षा कोषको नियम बमोजिम हुनेछ ।

६.२. कर्मचारीको मृत्यु वा स्थायी अशक्तताका अवस्थामा कोषबाट पाउने सेवा सुविधा सामाजिक सूरक्षा कोषको नियमानुसार हुनेछ ।

### ७. विवाद समाधान

७.१. कोष सम्बन्धी कुनै विवाद उत्पन्न भएमा समितिले समाधान गर्नेछ ।

७.२. समितिबाट समाधान हुन नसकेमा सम्बन्धित न्यायिक निकायमा मुद्दा दायर गर्न सकिनेछ ।

### ८. संसोधन

८.१. यस ऐनमा कुनै संशोधन आवश्यक परेमा गाउँपालिकाको कार्यपालिका बैठकको निर्णयबाट संशोधन प्रस्ताव गरी गाउँसभामा पेश गरिने र गाउँसभाबाट अनुमोदन गरिनेछ ।

८.२. ऐनमा उल्लिखित कुनै नियममा संशोधन गर्नुपर्ने भएमा संशोधन प्रस्ताव समितिबाट गाउँकार्यपालिकामा प्रस्ताव वा सिफारिस गरिनेछ ।

### ९. कार्यान्वयन

९.१. यो ऐन गाउँपालिकाको कार्यपालिकाद्वारा कार्यान्वयनमा ल्याईनेछ ।

९.२. ऐन कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार नियमावली, निर्देशिका र मार्गदर्शन वा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

### १०.बचाउ तथा खारेजी

१०.१ यस अघि भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

**आज्ञाले,**

**जय नारायण खनाल**

**प्रमुख प्रशासकीय अधिकृत**